पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरु
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा ।
गाडी छुट्ने समय बिहान ९:३० बजे
सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ७३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ चैत १४ गते बिहीबार ❑ 27 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## 'खाद्यान्न र पशुपन्क्षीजन्य उत्पादनमा गण्डकी प्रदेश आत्मनिर्भर सम्मुख छ' : मन्त्री श्रेष्ठ

पोखरापत्र संवाददाता
पोखरा, १३ चैत

गण्डकी प्रदेशकी कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री पदमा जि.सी श्रेष्ठले खाद्यान्न बाली र पशुपन्क्षीजन्य उत्पादनमा गण्डकी प्रदेश आत्मनिर्भर सम्मुख रहेको बताएकी छन् ।

जनसंख्यालाई आवश्यक र उत्पादीत खाद्यान्न/पशुपन्क्षीजन्य उत्पादनको वासलात हेर्दा प्रदेश आत्मनिर्भर सम्मुख देखिएको उनले बताईन् ।

प्रदेश सभामा विभिन्न मितिमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री श्रेष्ठले भनिन्,'खाद्यान्न वासलात हेर्ने हो भने , हाम्रो गण्डकी प्रदेश खाद्यान्न बालीमा आत्मर्निभर सम्मुख छ । तरकारी बाली र आलुमा पनि प्रदेश आत्मर्निभर सम्मुख रहेको जानकारी गराउँदछु । पशुजन्य पदार्थमा प्रति व्यक्ति प्रति वर्ष उपलब्धताको तथ्यांक हेर्ने हो भनेपनि प्रदेश आत्मनिर्भर सम्मुख देखिन्छ । दुध, माछा, मासु र अण्डामा हामी आत्मनिर्भर नजिक छौं ।' प्रदेशमा




अन्य स्थानहरुबाट कृषि उत्पादन आयात हुने गरेको भएपनि प्रदेशको उत्पादन र उपभोक्ताको आधारमा आत्मनिर्भर सम्मुख रहेको उनको भनाई छ । मन्त्री श्रेष्ठले पछिल्लो समय प्रदेशमा आलु, चैते धान र फलफूल खेतीमा कृषकको आकर्षण बढ्दै गएको जानकारी दिइन् । यस वर्ष आलु उत्पादन प्रवर्धन कार्यक्रमबाट करिब ४३ करोड रुपैयाँ बराबरको आर्थिक कारोबार हुने अनुमान रहेको उल्लेख गर्दै मन्त्री श्रेष्ठले दलहन, तेलहन र फलफूलको उत्पादन बढाउन मन्त्रालयले विविध कार्यक्रमहरु सञ्चालन गरिरहेको बताइन् ।

पशुपालन व्यवसायलाई व्यवसायिक र प्रतिस्पर्धात्मक बनाउँदै दिगो उत्पादन प्रणाली स्थापना गर्न लोकमार्ग करिडोर लक्षित मासु उत्पादनका लागि बाख्रा विकास कार्यक्रम, बृहत्तर पशु विकास कार्यक्रम, उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम, मत्स्य पोखरी विस्तार, विभिन्न प्रकोपजन्य रोगहरुबाट बचाउन खोप कार्यक्रम गरिरहेको उनले उल्लेख गरिन् ।

गत असोज २० को वर्षाका कारण कृषकले बेहोर्नुपरेको क्षतिका सम्बन्धमा प्रदेश सरकार र संघ सरकारबिच रहात क्षतिपूर्तिका लागि समन्वय भइरहेको उनले जनाइन् ।

कृषकहरुको समस्या पहिचानका लागि मन्त्रालयले विज्ञहरु सम्मिलित 'हाइ लेभल टेक्निकल टिम' गठन गरि कृषकहरुसँग प्रत्यक्ष अन्र्तक्रिया गरिरहेको उनले जानकारी दिइन् । प्रदेश सभाको सातौं अधिवेशनको दशौं बैठकलाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले नीतिगत तथा कानूनी उपलब्धीका लागि पनि मन्त्रालय प्रयासरत रहेको बताइन् । 'जीवनाशक विषादी व्यवस्थापन सम्बन्धी ऐन पारित भएको छ। प्रदेश खाद्य सुरक्षा तथा खाद्य गुणस्तर सम्बन्धी विधेयक प्रदेश सभामा छलफलका लागि पठाएका छौं भने बीउ बिजन नियमावली, एकीकृत तालिम निर्देशिका र प्रदेश भूमि व्यवस्थापन सम्बन्धी विधयेकको मस्यौदा तयार गरिसकेका छौं ।' केही सहकारी संघ संस्थाहरुमा देखिएको समस्याको प्रसंगमा मन्त्री श्रेष्ठले कानुनतः

बाँकी अन्तिम पृष्ठमा ▶▶

## परीक्षणका लागि मनाङ पुग्यो बस

रासस
मनाङ, १३ चैत

बैंसीसहर-चामे खण्डमा बस सञ्चालनका लागि परीक्षण गर्न सदरमुकाम चामेसम्म पहिलो पटक बस पुऱ्याइएको छ । लमजुङ सदरमुकाम बैंसीसहरबाट यात्रु लिएर बैंसीसहर-पोखरा सञ्चालन हुने ना ६ ख ९५७९ नं को बस पहिलो पटक सदरमुकाम चामे पुगेको हो ।

सफल रूपमा बस चामे पुगेपछि मनाङबासीमा खुसी छाएको छ । आगामी नयाँ वर्षदेखि मनाङ सदरमुकामसम्म नियमित रूपमा बस सञ्चालन गर्ने तयारी भएसँगै निजी क्षेत्रको एकल प्रयासमा चामेसम्म बस पुऱ्याइएको बस सञ्चालक सुरेश घिमिरेले बताउनुभयो । उहाँका अनुसार अन्नपूर्ण पदयात्राका लागि आउने विदेशी पर्यटकलाई लिएर उक्त बस यही चैत ७ गते चामे पुगेर हो ।

"सुरुमा यात्रु लिएर मनाङ जाने प्रस्ताव आउँदा जाने कि नजाने अन्योल थियो । मनाङमा निर्माणाधीन मनाङ-मर्स्याङ्दी जलविद्युत्का सामान लिएर १० चक्के ट्रकसमेत सहज रूपमा पुग्ने गरेका पाएपछि यात्रुसहित बस लैजान सकिन्छ भन्ने लागेर पठाका थियौं । जाँदाआउँदा कुनै समस्या भएन", उहाँले भन्नुभयो । घिमिरेका अनुसार चालक विनोद रिमालले सहज रूपमा बसलाई चामेसम्म पुऱ्याएर फर्किनुभएको छ । मनाङको सडक साँघुरो




र अधिकांश भाग कच्ची भए पनि अनुभवी चालक भए बस सञ्चालनमा समस्या नहुने भन्दै नयाँ र कम अनुभव भएका चालक उक्त खण्डमा नखटाइने उहाँले बताउनुभयो ।

सञ्चालक घिमिरेले स्थानीय प्रशासन तथा मनाङबासीको साथ पाए आफूले नियमित रूपमा बैंसीसहर-चामे खण्डमा यात्रुवाहक बस सञ्चालन गर्न सकिने धारणा राख्नुभयो । "हामीले सडकको अवस्था हेरेका छौं । अहिले परीक्षणका क्रममा अनुभव पनि भयो । अब नियमित बस सञ्चालन गर्न समस्या छैन, अनुमति पाए बस सञ्चालन गर्न सकिन्छ", उहाँले भन्नुभयो । जिल्ला प्रशासन कार्यालयले जिल्लामा यात्रुवाहक बस सञ्चालनको तयारी थालेको छ। गत फागुन २५ गते जिल्ला प्रशासन कार्यालयमा बसेको समन्वयात्मक बैठकले बैंसीसहरबाट चामेसम्म आगामी वैशाख १ गते नयाँ वर्षदेखि सार्वजनिक बस सञ्चालन गर्ने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी मातृका आचार्यले जानकारी दिनुभयो ।

यसका लागि स्थानीय प्रशासनले डुम्रे-बैंसीसहर-चामे सडक आयोजना र अन्य सरोकार भएका निकायसँग छलफल गरी लाई आवश्यक निर्देशन जारी गरिएको प्रशासन कार्यालयले जनाएको छ । डुम्रे-बैंसीसहर-चामे आयोजनाका प्रमुख इञ्जिनीयर सतिश सुवेदीले सडकमा ट्राफिक सङ्केत राख्न प्रशासनबाट अनुरोध आएपछि आवश्यक सङ्केत निर्माणका लागि ठेकेदारलाई काममा लगाइएको बताउँदै केही समयमा ती सङ्केत तयार भई सडक छेउमा गाडिने जानकारी दिनुभयो । डेढ दशकअघि मोटर सञ्चालन हुन थालेको मनाङमा हालसम्म बोलेरो, टाटासुमो जस्ता साना सवारीसाधनले मात्र यातायात सेवा दिइरहेका छन् ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकी प्रदेशसभामा अपाङ्गतासम्बन्धी विधेयकमा सैद्धान्तिक छलफल

पोखरापत्र संवाददाता
पोखरा, १३ चैत

गण्डकी प्रदेशसभाको आजको बैठकमा अपाङ्गता भएका व्यक्तिको अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल भएको छ ।

बैठकमा सांसद सुनिता थापा, दमयन्ती रूचाल, सरस्वती गुरूङ, टीकाकुमारी बस्याल, देवका पहारी, भक्त कुँवर र सीता सुन्दाशले अपाङ्गता भएका व्यक्तिहरू समाजमा सम्मानपूर्वक बाँच्न पाउनुपर्नेमा जोड दिँदै उहाँहरूका अधिकारलाई सुनिश्चित गराउन कानुन आवश्यक भएको धारणा राख्नुभयो । छलफलमा उठेका प्रश्नको जवाफ दिँदै प्रदेशका सामाजिक विकास, युवा तथा खेलकूदमन्त्री विन्दुकुमार थापाले सरकारले चालु आर्थिक वर्षमा अपाङ्ता भएका व्यक्तिको सशक्तिकरणका लागि रु एक करोड बजेट विनियोजन गरेको जानकारी गराउनुभयो ।

विधेयकलाई सरकारले प्रभावित व्यक्ति तथा सरोकार भएका सङ्घसंस्थासँग छलफल गरी सदनमा प्रस्तुत गरिएको उल्लेख गर्दै उहाँले यसबाट मुलुकभर अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्ने कानुनी ढाँचा निर्माणका लागि मार्ग प्रशस्त गर्ने अपेक्षा गरिएको बताउनुभयो । अपाङ्गता भएका व्यक्तिको पहिचान, वर्गीकरण, परिचयपत्र व्यवस्थापन, सीप विकास, रोजगारी, स्वरोजगारलगायत विषयलाई विधेयकले सम्बोधन गरेको मन्त्री थापाले जानकारी दिनुभयो । उहाँका अनुसार विधेयकमा शिक्षा, स्वास्थ्य, निर्देशन समिति गठनलगायत संरचनात्मक व्यवस्थाको आधारसमेत तयार पारिएको छ।

## मुस्ताङ अदालतमा ६७ प्रतिशत मुद्दा फछ्र्योट

पोखरापत्र संवाददाता
मुस्ताङ, १३ चैत

हिमाली जिल्ला मुस्ताङ अदालतमा चालु आव २०८१/८२ को नौ महिना अवधिमा ६६ दशमलव ६६ प्रतिशत मुद्दा फछ्र्योट भएको छ । गत आर्थिक वर्षबाट चालु वर्षमा जिम्मेवारी सरेका र चालु वर्ष नयाँ दर्ता भएका कूल ३३ थान मुद्दामध्ये २२ थान मुद्दा जिल्ला अदालत मुस्ताङबाट फछ्र्योट भएको हो ।

मुस्ताङ जिल्ला अदालतका श्रेस्तेदार दिव्यराज घिमिरेका अनुसार गतवर्ष जिम्मेवारी सरेका र चालु वर्ष नयाँ दर्ता भएका देवानी मुद्दा १७ थानमध्ये १५ थान देवानी मुद्दा मुस्ताङ अदालतबाट फछ्र्योट भएको हो । यस्तै, गत वर्ष र चालु वर्षका कूल १६ थान फौजदारी मुद्दामध्ये सात थान मुद्दा अदालतबाट फछ्र्योट भइसकेको अदालतका श्रेस्तेदार घिमिरेले जानकारी दिनुभयो ।

उहाँका अनुसार मुस्ताङ अदालतमा देवानीतर्फ दुई थान




र फौजदारी मुद्दातर्फ नौ थान गरी कूल ११ थान मुद्दा फछ्र्योट हुन बाँकी रहेको छ। मुस्ताङ जिल्ला अदालतबाट गत आवमा दर्ज भएका देवानीतर्फका दुई थान मुद्दामध्ये दुई वटै फछ्र्योट भएका छन् । गत वर्षदेखि चालु वर्ष जिम्मेवारी सरेको अंशसम्बन्धी एक र सम्बन्ध विच्छेद एक गरी दुई थान मुद्दा यस वर्ष फछ्र्योट भएको अदालतका श्रेस्तेदार घिमिरेले बताउनुभयो ।

यसैगरी गतवर्ष दर्ता भएका आठ थान फौजदारी मुद्दामध्ये चार थान मुद्दा चालुवर्ष फछ्र्योट भएको र बाँकी चार थान मुद्दा फछ्र्योट हुन नसकी चालु आर्थिक वर्षमा जिम्मेवारी सरेको अदालतका श्रेस्तेदार घिमिरेको भनाइ छ । मुस्ताङ जिल्ला अदालतमा चालु आवमा देवानीतर्फ १५ थान मुद्दा दर्ता भएका छन् । जसमध्ये १३ थान देवानी मुद्दा फछ्र्योट भएको छ । दुई थान मुद्दा फछ्र्योट हुन बाँकी छ । चालु वर्ष दर्ता भएका देवानी मुद्दातर्फ सबैभन्दा बढीसम्बन्ध विच्छेदका १३ थान मुद्दा रहेकामा शतप्रतिशत मिलापत्रमार्फत फछ्र्योट भएको अदालतका श्रेस्तेदार घिमिरेले जानकारी दिनुभयो । मुस्ताङ अदालतबाट कूल १५ थान देवानी मुद्दामध्ये नाता कायम र अंश लेनदेनसम्बन्धी मुद्दा अदालतबाट फछ्र्योट हुन बाँकी छ ।

अदालतका श्रेस्तेदार घिमिरेका अनुसार देवानीतर्फको नाता कायमसम्बन्धी मुद्दा अदालतबाट मेलमिलाप कक्षमा पठाइएको छ । चालु आवमा आठ थान फौजदारी मुद्दामध्ये तीन थान फौजदारी मुद्दा अदालतबाट फछ्र्योट भइसकेको श्रेस्तेदार घिमिरेले उल्लेख गर्नुभयो । चालु आवको हालसम्म सवार ज्यान मुद्दा दुई थान र चोरी कसूर एक थान गरी तीन थान मुद्दा फछ्र्योट भएको श्रेस्तेदार घिमिरेले बताउनुभयो । उहाँका अनुसार मुस्ताङ अदालतमा आत्महत्या दुरूत्साहन एक, सवारी ज्यान दुई ,चोरी एक र जबर्जस्ती करणी एक गरी पाँच थान मुद्दा फछ्र्योट हुन बाँकी रहेको छ । फौजदारीतर्फ एक जना पूर्पक्ष थुनुवा, एक जना धरौटी बुझाउन नसकी थुनुवा र दुई जना तारिखमा रिहा भएका छन् ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# 'वाडा अटो शो'को तयारी पुरा, बिहीबारदेखि सुरु भई ४ दिन चल्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १३ चैत

पोखरामा पहिलो पटक हुन लागेको नाडा प्रिजेन्ट्स वाडा अटो सो २०२५ को तयारी पुरा भएको छ।

पश्चिमाञ्चल अटोमोबाइल डिलर्स एसोसिएसन (वाडा) ले पोखरामा गर्न लागेको नाडा प्रिजेन्ट्स 'वाडा अटो सो २०२५' को सम्पुर्ण तयारी पुरा भएको तथा बिहिबार विहान ११ बजेदेखि औपचारिक रुपमा शुरु हुने कार्यक्रम संयोजक एवम वाडाका उपाध्यक्ष निरन केसीले बताए।

अमरसिंहचौरमा चैत्र १४ गते विहिबारबाट शुरु भइ ४ दिन सम्म चल्ने सोमा १९ वटा ब्राण्डका ४-पाङ्ग्रे, ६ वटा ब्राण्डका लाइट कमर्शियल, ७ वटा ब्राण्डका २-पाङ्ग्रे लगायत लुब्रिकेन्ट, टायर, ग्यारेज उपकरण, अन्य एशोसेरिजहरू तथा वित्तीय संस्थाहरूका २० वटा स्टलहरू रहने प्रचार संयोजक विनय थापाले जानकारी दिए। यस अघि कार्यक्रमको प्रचारप्रसारका लागि पोखरा उपत्यका मोटर रेस, केभ टु केभ मोटर साइकल र्‍याली, सरसफाइ कार्यक्रम गरिएको थियो। कार्यक्रमले शिथिल बनेको अटोबजार



र अर्थतन्त्रलाई चलायमान बनाउनुका साथै भिजिट पोखरा २०२५ लाई पनि टेवा पुग्ने आयोजक पश्चिमान्चल अटोमोवाइल्स डिलर्स एसोशिएसनका अध्यक्ष दीपेन्द्र कोइरालाले बताए। नविनतम् सवारी साधनका मोडलहरू, आधुनिक प्रविधिहरू तथा यस क्षेत्रका अन्य सेवा प्रदायकहरूको एकै थलोमा प्रदर्शन हुनुका साथै नाडा प्रेजेन्ट्स् वाडा अटो शो २०२५ मा स्थानीय एवं देशभरबाट डिलर, उत्पादक, विक्रेता एवं ग्राहकहरूको भेलाले गण्डकी प्रदेशका सवारी साधन र सम्बन्धित सम्पूर्ण क्षेत्रको विकास, बजारीकरण र विस्तारका लागि महत्वपूर्ण भुमिका निर्वाह गर्ने वाडा अध्यक्ष कोइरालाले बताए। प्रदर्शनीले स्थानीय रुपमा देखिने वा महसुस गरिने विभिन्न व्यावसायिक समस्याहरूको चिनारी गर्ने तथा त्यसका सामाधानका विकल्पहरु खोज्ने साझा थलो बन्न सक्ने आयोजकहरूको विश्वास छ।

प्रदर्शनीमा जिल्ला ट्राफिक प्रहरी कार्यालयको सहभागितामा सवारी साधन सुरक्षा सम्बन्धी जानकारी, सडक सुरक्षा तथा ट्राफिक नियम पालना सम्बन्धी विविध जानकारी मूलक कार्यक्रमहरू सञ्चालन गरिने छन्। अटो सोमा बन्दिपुर केबुलकार एण्ड टुरिजम लि.ले डोर प्राइज अन्तर्गत ३ सय वटा केबुलकार टिकट उपलब्ध गराउने छ। प्रदर्शनी अवलोकन गर्न पुग्ने दर्शकहरूले टिकटमा गोलाप्रथाद्वारा सो केबुलकारको टिकट प्राप्त गर्न सक्नेछन्। ४ दिनसम्म चल्ने अटो शोलाई ३५ हजार दर्शकहरूले अवलोकन गर्ने आयोजकले बताएको छ।

अटो प्रदर्शनीमा गण्डकी प्रदेश सरकार तथा पोखरा महानगरपालिका प्रबर्द्धक रहेका छन् भने पोखरा उद्योग वाणिज्य संघ, युनाइटेड क्लब पोखरा तथा प्रदर्शनीस्थल उपलब्ध गराई अमरसिंह मा.वि. सहयोगी संस्था बनेका छन्।

प्रदर्शनीको टिकटिङ पार्टनरमा खल्ती एप, इन्टरनेट पार्टनरमा पोखरा इन्टरनेट, फायर सेफ्टी सपोर्टमा हिटको प्रा.लि., अफिसियल इन्सुरेन्समा सगरमाथा लुम्बिनी इन्सुरेन्स (सलिको), ट्राभल पार्टनरमा स्वीफ्ट होलिडेज, हस्पिटालिटी पार्टनरमा होटल शारा, हस्पिटल पार्टनरमा नेपाल मनिपाल कलेज अफ मेडिकल साइनस (मनिपाल हस्पिटल), इन्सुरेन्स पार्टनरमा नेपाल इन्सुरेन्स लि. जस्ता प्रतिष्ठित संस्थाहरू रहेका छन् भने प्रदर्शनीको व्यवस्थापन ग्लोबल एक्स्पोजिसन एण्ड म्यानेजमेन्ट सर्भिसेज (जेम्स)ले गरिरहेको छ।

# प्रतिभा एजुकेशन फाउण्डेसनले नयाँ शैक्षिक सत्रदेखि एभरग्रीन एकेडेमी संचालनमा ल्याउने

**पोखरापत्र संवाददाता**
पोखरा, १३ चैत



पोखराको प्रतिभा एजुकेशन फाउन्डेसनले संचालन गर्न गईरहेको एभरग्रीन एकेडेमी नयाँ शैक्षिक सत्र २०८२ देखि संचालनमा आउने भएको छ।

पोखरा-३ तेर्साप्ट्टी रहेको उक्त एकेडेमीमा आफ्नै सुविधा सम्पन्न भवनमा विश्वस्तरको शिक्षा प्रदान गर्ने गरि संचालन हुन लागेको एकेडेमीले बुधबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराएको हो।

प्रत्येक विद्यार्थीको वैयक्तिक भिन्नतालाई सवलीकरण गराउनका लागि विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित र प्रोग्रेसिभ प्रणालीमा आधारित शिक्षा प्रदान गर्ने उद्देश्यले यो शैक्षिक संस्था स्थापना गरिएको प्रतिभा एजुकेशन फाउन्डेसनका अध्यक्ष नारायण पौडेलले बताउनुभयो। प्रतिभा माविको सफलतासँगै विद्यार्थीको बौद्धिक विकास र व्यक्तित्व निर्माणमा सशक्त बनाउन फाउण्डेसन अन्तर्गत रहने गरी एउटा भिन्नै शिक्षण संस्थाको रुपमा एभरग्रीन एकेडेमी स्थापना गरिएको उहाँले जनाउनुभयो। समावेशी र विद्यार्थी केन्द्रित शिक्षा प्रणालीमा विश्वास गर्दै केवल पाठ्यक्रम र परीक्षामा आधारित मात्र शिक्षा नदिई विद्यार्थीलाई जीवनका विभिन्न पक्षमा सक्षम बनाउन आफुहरुले चाहेको अध्यक्ष पौडेलले बताउनुभयो। उहाँले भन्नुभयो "हाम्रो उद्देश्य विद्यार्थीको सोच र सिर्जनात्मक क्षमता प्रकट गर्न र उहाँहरुलाई भविष्यका चूनौतीसँग सामना गर्न सक्षम बनाउनु पनि हो, हाम्रो शिक्षा पद्दति विद्यार्थीको प्राकृतिक जिज्ञासा र अन्वेषणको भावना अभिवृद्दि गर्नमा केन्द्रित रहनेछ।" विद्यार्थीहरुमा विश्लेषणात्मक र समस्या समाधान सीपको विकास गराउने उहाँले विश्वास व्यक्त गर्नुभयो। विद्यार्थीको आवश्यकता र क्षमता अनुसारको पाठ्यक्रम बनाएर प्रयोग गर्ने र विद्यार्थीको व्यक्तिगत आवश्यकतामा ध्यान दिई उहाँहरुको समग्र व्यक्तित्व विकासको लागि विशेष योजना पनि बनाउने योजना रहेको एकेडेमीका निर्देशक किरण सापकोटाले बताउनुभयो। शिक्षक र विद्यार्थी बीचको सहकार्यलाई पनि उत्तिकै प्राथमिकता दिने उहाँले जनाउनु भयो। अभिभावक र समुदायसँग निरन्तर संवाद र सहकार्य गरि सिकाईलाई कक्षाकोठामा मात्र सिमित नराखी जिम्मेवार नागरिक उत्पादनका लागि व्यावहारिक शिक्षामा पनि उत्तिकै जोड दिने निर्देशक सापकोटाले दाबी गर्नुभयो। विद्यालयमा हुने कार्यशाला र सामाजिक कार्यक्रमले विद्यार्थीलाई समुदायसँग जोड्ने र उहाँहरुमा जिम्मेवारीपनको पनि बोध गराउने उहाँले जनाउनुभयो।

हाल नर्सरीदेखि कक्षा ५ सम्मको पठन पाठन गर्न सुरु गर्ने बताउदै निर्देशक सापकोटाले स्मार्ट कक्षाकोठा, विभिन्न डिजिटल उपकरण, र इन्फर्मेशन टेक्नोलोजीका माध्यमबाट सिकाइ प्रक्रिया अनुभव गर्न सक्ने जनाउनुभयो। विद्यार्थीमा टिमवर्क र सहकार्यलाई बढावा दिन परियोजनामा आधारित सिकाइको पनि प्रयोग गर्दै यस पद्धतिको माध्यमवाट विद्यार्थीहरु समस्याहरुको समाधान गर्न समूहमा काम गर्ने बुधबार विद्यालयले आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराएको हो। प्रत्येक कक्षामा अधिकतम २४ जनाका दरले विद्यार्थी भर्ना लिइने विद्यालयले जनाएको छ। भर्ना अभियान संचालन भईरहेको निर्देशक सापकोटाले बताउनु भयो।

# सडक र विद्युत्सम्बन्धी विधेयकमा छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, १३ चैत

गण्डकी प्रदेशसभाको बैठकमा सार्वजनिक सडक निर्माण, विस्तार तथा मर्मतसम्भार तथा विद्युत् विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि छलफल भएको छ। भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री प्रकाशबहादुर केसीले प्रदेशसभासमक्ष प्रस्तुत गर्नुभएको उक्त विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्ताव बहुमतले पारित भएपछि प्रदेशसभा सदस्यहरुले दफावार छलफल सुरु गरेका हुन्।

प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले विधेयकले सर्वसाधारणलाई सहज यातायात सुविधा दिन थुप्रै प्रबन्ध गरेको बताउनुभयो। सडकसम्बन्धी विधेयक कार्यान्वयनमा आउँदा गण्डकी प्रदेशको आर्थिक गतिविधिमा टेवा पुग्ने उहाँको भनाइ थियो। प्रदेशसभा सदस्य सुधीरकुमार पौडेलले गण्डकी प्रदेशको सडकसम्बन्धी आफ्नै कानुन बन्न लागेको जानकारी दिनुभयो। उहाँले विधेयकमा प्रदेश लोकमार्ग र प्रादेशिक सडक गरी दुई किसिममा सडक वर्गीकरण गरिएको बताउनुभयो। विधेयकले सडक सुरक्षा सम्बन्धमा पनि स्पष्ट व्यवस्था गरेको उहाँको भनाइ थियो। बैठकमा गण्डकी प्रदेशमा विद्युत् विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस् भनी उर्जा, जलस्रोत तथा खानेपानीमन्त्री फणिन्द्र देवकोटाले प्रस्तुत गर्नुभएको प्रस्ताव बहुमतले पारित भएको थियो। बैठकमा उक्त विधेयकमाथि सामान्य सैद्धान्तिक छलफल भएको प्रदेशसभा सचिवालयले जनाएको छ। विद्युत्सम्बन्धी विधेयकमाथिको सैद्धान्तिक छलफलमा प्रदेशसभा सदस्य सरस्वती अर्याल तिवारी, भिमबहादुर कार्कीलगायतले भाग लिनुभएको थियो। उक्त विधेयकमाथि ७२ घण्टाभित्र संशोधन प्रस्ताव राख्न सकिने जनाइएको छ। सैद्धान्तिक छलफलपछि विधेयकलाई विषयगत समितिमा पठाइनेछ। विषयगत समितिमा सरोकार भएका पक्ष तथा विज्ञहरूसँग दफावार छलफल गरी विधेयक पारित गरिनेछ। प्रदेशसभाको बुधबारको बैठकमा गण्डकी प्रदेशमा सार्वजनिक सडक निर्माण, विस्तार तथा मर्मतसम्भार गर्ने सम्बन्धमा बनेको विधेयकमाथि अर्थ तथा विकास समितिको प्रतिवेदनसहित दफावार छलफल गरी निर्णयार्थ प्रस्तुत गरिने प्रदेशसभा सचिवालयले जनाएको छ।

## खाद्यान्न ...

कारवाही प्रक्रिया अघि बढेको सुनाइन्। 'जीविकोपार्जनका लागि, भविष्यका लागि गाँस काटेर जम्मा गरिएको सर्वसाधारणको बचत हिनामिना कुनै पनि कोणबाट सैह्य हुँदैन। यसका लागि कानुनतः प्रक्रिया अघि बढीरहेको यहाँ जानकारी गराउँदछु। साथै, प्रदेश मातहतका सहकारी संघसंस्थाहरुको नियमित नियमनमा पनि हाम्रो सक्रियता रहि नै रहने छ', उनले भनिन्। आर्थिक अनुशासनलाई केन्द्रमा राखेर कार्य गरिरहेको जनाउँदै मन्त्री श्रेष्ठले बेरुजु फर्स्यौटमा पनि मन्त्रालयले प्रगति गरेको बताइन्। मन्त्रालय र मातहतका निकायको गत आर्थिक वर्ष सम्म १५ करोड ३४ लाख २ सय २३ रुपैयाँ बेरुजु रहेकोमा असुल उपर गरी ६ करोड ९६ लाख ३८ हजार १ सय ३ रुपैयाँ अर्थात् ४५.३९ प्रतिशत फर्स्यौट भएको उनको भनाइ छ।

कृषकलाई व्यवधानरहित तवरले कृषि कर्म गर्न पाउने वातावरण तय गरिदिने दायित्व सरकारको भएको औंल्याउदै उनले कृषि पेशालाई सम्मानित पेशाको रुपमा स्थापित गर्ने कुरामा मन्त्रालय, मन्त्रालय मातहतका निकाय र प्रदेश सरकार प्रतिबद्ध रहेको बताइन्।

## परीक्षण ...

बेँसीसहरबाट चामेसम्मको करिब ६४ किलोमिटर सडकमा यात्रा गर्न अहिले बोलेरोले प्रतियात्रु रु एक हजार २५० भाडा लिने गर्दछन्। पाँच जना यात्रु अट्ने जीपले १०-१५ जनासम्म यात्रु र मालसामन बोक्दा यात्रा जोखिमपूर्ण बन्ने गरेको स्थानीय बताउँछन्। बस सञ्चालनमा ल्याउन सकिएमा स्थानीयलाई सहज हुने अपेक्षा गरिएको छ। साथै महँगो भाडाको मारमा परेका स्थानीय र पर्यटकलाई आर्थिक भार कम हुनेछ। बेँसीसहर-चामे सडकअन्तर्गत बेँसीसहरबाट खुदीसम्मकोसातकिलोमिटरसडक कालोपत्र भएको छ। खुदीभन्दा माथि चामेसम्म ठाउँठाउँमा १० किलोमिटर सडक ढलान गरिएको छ। बाँकी ४७ किलोमिटर कच्ची सडक रहेकामा साँघुरा घुम्तीमा मर्मत गरी बस सञ्चालनको तयारी गरिएको मनाङ प्रशासनले जनाएको छ।

# हिमाल आरोहण अनुमति सुरु

**रासस**
काठमाडौं, १३ चैत

यस वर्षको वसन्तकालीन यामको हिमाल आरोहणका लागि आरोहण अनुमति दिन सुरु गरिएको छ। पर्यटन विभागका अनुसार अन्नपूर्ण-१ सहित विभिन्न चुली आरोहणका लागि आठ आरोही समूहका १८ महिला र ४० पुरुष गरी कूल ५८ जनाले अनुमति पाइसकेका छन्।

हालसम्म नेपालसहित २४ देशका आरोहीले आरोहण अनुमति लिएका छन्। विभागका निर्देशक लिलाधर अवस्थीले वसन्त यामको हिमाल आरोहणका लागि अनुमति दिन सुरु गरिएको बताउनुभयो। "यो यामको हिमाल आरोहणका लागि अनुमति दिन सुरु गरिएको छ, सगरमाथा आरोहणका लागि छिट्टै अनुमति दिइनेछ", उहाँले भन्नुभयो, "सगरमाथा क्षेत्रमा आरोहणको चहलपहल बढेको छ।" सगरमाथा आरोहणका तयारी व्यवस्थापनमा आरोहण गराउने कम्पनी जुटेका छन्। विभागका अनुसार सगरमाथा आधार शिविरमा अहिले स्नो होराइजन, पायोनियर, सेभेनसमिट ट्रेक, सेभेन समिट क्लव, एलिट एक्सिपिडिसन, हिमालयन गाइड्स, एसियन ट्रेकिङलगायत कम्पनीले शिविर व्यवस्थापनलगायतका काम गरिरहेका छन्। वसन्त ऋतु सगरमाथासहितका हिमाल आरोहणका लागि उपयुक्त मौसम मानिन्छ। यो याममा सगरमाथा आरोहणका लागि उल्लेख्य सङ्ख्यामा विदेशी आउँछन्। वसन्त ऋतुको सगरमाथा आरोहणका लागि बाटो बनाउन सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपीसीसी)ले 'आइसफल डाक्टर' खटाएको छ। सगरमाथाको आधार शिविरदेखि दोस्रो शिविरसम्म बाटो बनाउन एसपीसीसीले १० जनाको टोली खटाएको हो।

यस्तै सगरमाथाको दोस्रो शिविरदेखि चुचुरोसम्म बाटो बनाउने अर्थात् 'रोप फिक्सिङ' (डोरी टाँग्ने) कामका लागि हालै दक्ष सगरमाथा आरोही खटिएका छन्। पर्वतारोहण सञ्चालक सङ्घले अशोक लामाको नेतृत्वमा आठ सदस्यीय दश शेर्पा आरोहीलाई सगरमाथाको चुचुरोसम्म डोरी टाँग्नका लागि खटाएको हो। सङ्घका महासचिव ऋषिराम भण्डारीका अनुसार वसन्त ऋतुको सगरमाथा र ल्होत्से हिमाल आरोहणका लागि आरोही केही दिनअघि सगरमाथा गएका छन्। सन् २०२५ को वसन्त ऋतुमा सगरमाथा, ल्होत्से र आमादब्लम हिमाल आरोहणका लागि रोप फिक्सिङको व्यवस्थापकीय जिम्मेवारी एट्के एक्सपिडिसन कम्पनीले पाएको छ।

## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

सुक्खा याम तथा खडेरीको मौसममा वन डढेलो लागी वन पैदावार, वन्यजन्तु तथा पंक्षीसमेतलाई हानी नोक्सानी पुर्याई समग्र वातावरणमा नकारात्मक असर पर्न सक्ने सम्भावना भएकोले सुक्खायाम तथा हावाहुरी लाग्ने समयमा आफ्नो गाउँ घर वरिपरिको वन क्षेत्रलाई वन डढेलोबाट जोगाइ वन संरक्षण तर्फ अग्रसर हुन सवैमा अनुरोध छ। कथंकदाचित वन डढेलो लागी हालेमा वन उपभोक्ता समूह लगायतका सम्बद्ध पक्षहरु मिली तत्काल नजिकको वन कार्यालय तथा सुरक्षा निकायमा वन डढेलोको सूचना गर्ने तथा स्रोत र साधनले भ्याएसम्म सम्वन्धित सबै पक्षसँग सहकार्य गरी वन डढेलो तत्काल नियन्त्रण गर्न तथा निभाउन प्रयत्न गर्नुहुन मन्त्रालय हार्दिक अपिल गर्दछ।

**अनुरोधक**
**गण्डकी प्रदेश सरकार**




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# बाहिरी आँखा र भित्री कुराबाट धारणा बनाउ

सत्तासीन दल र विपक्षी दलहरु सदन र सडमा आमने सामने भएका छन्।सरकार विरुद्ध सदनमा एक भएका दलहरु सडमा भने फरकफरक मोर्चाबाट उत्रने भएका छन् । नेपाल बिध्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ हटाउने निर्णय विरुद्ध विपक्षी एक भएका छन् । सडकमा गणतन्त्र र राजावादीको एकै दिन जुलुस र सभाको आयोजना गरेका छन् । सरकारंग खरो उत्रेको माओवादी केन्द्र भने सत्तारूढ दलसंग शान्ति प्रक्रिया टुंगोमा पुर्‍याउने बैठकमा सहभागी हुनुलाई सकारात्मक रुपमा लिनुपर्छ । सरकारले शान्ति प्रक्रियाका अन्तिम कार्यलाई पूरा गर्ने निर्णय लिएको छ । त्यस क्रममा पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको अध्यक्षतामा सङ्क्रमणकालीन न्यायसम्बन्धी दुई आयोगमा पदाधिकारी सिफारिस गर्न यसअघि बनाएको समितिलाई नै निरन्तरता दिइएको छ ।

सोमबार बसेको मन्त्रीपरिषद्को बैठकले निरन्तरताको निर्णय लिएको हो । यसअघि नै बनेको समितिलाई निरन्तरता दिने निर्णयले अलमलमा परेको कार्यले अब गति लिने विश्वास गरिएको छ । पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्र नेतृत्वको सर्च समिति गठन भइसकेको थियो । त्यस समितिको सदस्यमा पूर्वमहान्यायाधिवक्ता खम्मबहादुर खाती, अर्जुनकुमार कार्की र स्टेला तामाङ रहनुभएको थियो । समितिमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष एवं अध्यक्षले तोकेको एक जना सदस्य रहने व्यवस्था छ । सरकारको निर्णयसँगै समितिले निरन्तरता पाएको छ । समितिले बेपत्ता पारिएको व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगका अध्यक्ष तथा सदस्य नियुक्तिका लागि सिफारिस गर्ने छ । सशस्त्र विद्रोहको समयमा १७ हजार नेपालीको ज्यान गयो । धेरै बेपत्ता भए । बेपत्ता भएका व्यक्तिका परिवार अहिले पनि आँसुको भेलमा बसेका छन् । त्यससँगै अनेक अन्यायका घटनाले न्याप पाउन सकेको छैन । सत्यको पहिचान गरी न्याय निरूपण गर्ने कार्य सम्पन्न भएपछि मात्रै शान्ति प्रक्रियाको बिट पूरा हुने छ ।

मन्त्रीपरिषद्ले सोमबार निर्णय गर्नुअघि महत्वपूर्ण राजनीतिक छलफल भएको थियो । प्रमुख तीन राजनीतिक दल नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का शीर्ष नेताबिच महत्वपूर्ण बैठकमा छलफल भएको हो । बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीसहित नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र प्रमुख प्रतिपक्षी दलका नेता एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' का साथै गृहमन्त्री रमेश लेखक, माओवादी केन्द्रका नेता शक्ति बस्नेतलगायत नेता सहभागी हथिए ।शान्ति प्रक्रियाका अधुरा कार्य पूरा गर्ने क्रममा सङ्क्रमणकालीन न्यायसँग जोडिएका आयोग गठनका विषयमा शीर्ष नेतृत्वबिच छलफल केन्द्रित भएको छ। सत्ता र प्रतिपक्षका ठुला तिनै पार्टीका शीर्ष नेतृत्वको सो छलफलका आधारमा मन्त्रीपरिषद्ले सिफारिस समिति गठन तथा निरन्तरतालाई अगाडि बढाएको हो ।

सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा पदाधिकारी सिफारिस गर्न सरकारले समिति गठन गर्नुपर्ने कानुनी प्रावधान छ । कानुनी प्रावधनभित्र रहेर नै राजनीतिक आधार तयार गर्न छलफल भएको थियो । सिफारिस समिति गठन भएको बढीमा दुई महिनाभित्र दुवै आयोगको अध्यक्ष तथा सदस्यको नाम सिफारिस गर्नुपर्ने प्रावधान विगतमा सम्पादन हुन सकेको थिएन । लामो समयदेखि थाती रहेको शान्ति प्रक्रियाका काम चाँडै सम्पन्न गर्न दबाबसमेत छ । शीर्ष नेतृत्वको सहमति तथा सरकारको निर्णयले अब निकास पाउने विश्वास बढेको छ । सडकमा र कहिलेकाहीँ सदनमा देखाउने व्यवहार तल्लो तहमा नहोस् भन्ने शंका गर्न सकिन्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | शुभ यात्रा | तुला | आर्थिक समस्या |
| वृष | स्वास्थ्यमा सुधार | वृश्चिक | शारीरिक झमेला |
| मिथुन | कार्यमा सफलता | धनु | मानसिक तनाव |
| कर्कट | सहयोग मिल्नेछ | मकर | ब्यापारमा लाभ |
| सिंह | अप्रत्यसित लाभ | कुम्भ | शत्रुको भय |
| कन्या | सत्कार मिल्नेछ | मीन | झमेला बढ्ने |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# ग्रामीण सडक:मार्ग खुलको १४ वर्षपछि स्तरोन्नति

पोखरापत्र संवाददाता
म्याग्दी, १३ चैत

मङ्गला गाउँपालिका-२ मा बाबियाचौर-काफलचौर-सल्ल्यान-भर्जुला सडक स्तरोन्नति भएको छ ।

विसं २०६७ मा स्थानीयवासीले चन्दा सङ्कलन गरेर खोलेको यो सडक मङ्गला गाउँपालिकाको केन्द्र बाबियाचौरका वडा नं १ र २ का बस्ती जोडिन्छ । बेनी-दरवाङ सडकमा पर्ने भाइवाङ खोलाबाट सुरु हुने सडकको प्रवेशबिन्दुबाट काफलचौर हुँदै सल्ल्यान खण्डको सडक रु दुई करोड १५ लाखको लागतमा स्तरोन्नति भएको मङ्गला गाउँपालिका-२ का वडाध्यक्ष धनबहादुर खातीक्षेत्रीले बताउनुभयो । बाटो स्तरोन्नति गर्न ती वर्ष लागेको हो । सडकलाई वर्षाको पानीबाट जोगाउन निकासका निम्ति नाली, भूक्षय रोक्न टेवा र ग्याबियन पर्खाल निर्माण गरेर पाँच सय ३८ मिटर ढलान गरिएको छ । भाइवाङखोलाको प्रवेशबिन्दुबाट एक सय १० मिटर सडक १० मिटर फराकिलो बनाएर ढलान पनि गरिएको छ ।

यसअघि भरजुला-थाइवाङ खण्ड गण्डकी प्रदेश सरकारअन्तर्गतको पूर्वाधार विकास कार्यालयमार्फत रु ३० लाख लागतमा स्तरोन्नति भएको थियो ।

# एन्फाको वार्षिक बजेट डेढ अर्ब

रासस
काठमाडौं, १३ चैत

अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले आगामी आर्थिक वर्षका लागि रु एक अर्ब ५६ करोड ३२ लाख ९ हजार ४५० बजेट साधारणसभामा पेस गर्ने निर्णय गरेको छ ।

एन्फाको दुई दिन बसेको कार्यसमितिको बैठकले आगामी वैशाख २६ गते साधारणसभा गर्ने निर्णय गर्दै उक्त सभामा वार्षिक कार्यक्रम तथा प्रतियोगिताका लागि उक्त रकम पेस गर्ने निर्णय गरेको एन्फाद्वारा आज जारी प्रेस विज्ञप्तिमा जनाएको छ ।

एन्फाले आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण प्रतिवेदन पनि कार्यसमितिबाट पारित गरेर साधारणसभामा पेस गर्ने निर्णय गरेको छ । कार्यसमितिको बैठकले पियुष न्यौपानेलाई अन्तरराष्ट्रिय सम्बन्ध प्रमुखमा नियुक्त गर्ने निर्णय गरेको छ । त्यस्तै, बैठकले म्याट रसलाई राष्ट्रिय पुरुष फुटबल टोलीको मुख्य प्रशिक्षकमा नियुक्त गर्ने निर्णय पनि गरेको छ ।

यस्तै एन्फाले पूर्वअध्यक्ष गणेश थापाले फिफाको निर्देशन उल्लङ्घन गरेको लगायत अन्य गतिविधिमाथि आवश्यक अनुसन्धान तथा छानबिन गरी कारबाही गर्न फिफा, एएफसी, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपाल प्रहरी तथा सङ्घको न्यायिक निकायमा आवश्यकताअनुसार पत्राचार गर्ने निर्णय गरेको छ ।

त्यस्तै, एन्फाका वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्कालगायत अन्य व्यक्तिउपर गम्भीर प्रकृतिका उजुरीलाई सम्बन्धित निकायमा छानबिन गरी निर्णयका लागि पत्राचार गर्ने निर्णय गरेको छ ।

# बागलुङमा तीन सय ४३ उद्योग तथा व्यवसाय बन्द

रासस
काठमाडौं, १३ चैत

बागलुङमा पछिल्लो साढे दुई वर्षमा तीन सय ४३ वटा उद्योग तथा व्यवसाय बन्द भएका छन् । बढ्दो बसाइँसराइ र युवा शक्ति विदेश पलायन हुँदै गएपछि जिल्लामा सञ्चालित उद्योग बन्द भएका हुन् । आर्थिक वर्ष २०७९/८० देखि हालसम्म चार सय ५६ उद्योग दर्ता भएका छन् ।

पर्यटन तथा उद्योग कार्यालय बागलुङका प्रमुख पारसिंह थापाका अनुसार चालु आर्थिक वर्षको आठ महिनामा ७१ वटा उद्योग बन्द भएका छन् । यस अवधिमा ७२ उद्योग दर्ता भएका छन् । आर्थिक वर्ष २०७९/८० मा एक सय १७ उद्योत तथा व्यवसाय बन्द भएका छन् । जसमा उद्योगतर्फ ४४ र वाणिज्यतर्फ ७३ रहेका छन् । त्यस वर्ष दुई सय २८ व्यवसाय दर्ता भएका छन् । जसमा उद्योगतर्फ ९७ र वाणिज्यतर्फ एक सय ३१ रहेका छन् । कार्यालय प्रमुख थापाका अनुसार अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा उक सय ५५ उद्योग व्यवसाय बन्द भएका छन् ।

उद्योगतर्फ ६७ र वाणिज्यतर्फ ८८ व्यवसाय बन्द भएको उहाँले जानकारी दिनुभयो । अघिल्लो वर्ष उद्योगतर्फ ४३ र वाणिज्यतर्फ १०४ गरि एक सय ४७ व्यवसाय दर्ता भएको थापाको भनाइ छ । चालु आर्थिक वर्षमा भने उद्योगतर्फ ३१ र वाणिज्यतर्फ ४० गरि ७१ व्यवसाय बन्द भएका छन् । यस वर्ष उद्योगतर्फ २७ र वाणिज्यतर्फ ४५ गरि ७२ व्यवसाय दर्ता भएको प्रमुख थापा बताउनुहुन्छ ।

व्यवसाय गरेको छोटो समयमै बन्द गराउनेको सङ्ख्या बढी रहेको उहाँको भनाइ छ । बागलुङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष नरेश कँडेलले कोभिड-१९ पछि आर्थिक गतिविधि साँघुरिँदै जाँदा त्यसको असर व्यापार व्यवसायमा परेको बताउनुभयो ।

दुई वर्षको अवधिमा बागलुङ बजारबाट मात्रै ७० व्यवसायीपलायन भएको उहाँको भनाइ छ । मुलुकमा राजनीतिक अस्थिरतता र राज्यको कर नीतिका कारण पनि व्यवसायी निराश भएर व्यवपार व्यवसाय बन्द गर्न बाध्य भएको कँडेल बताउनुहुन्छ ।

अध्यक्ष कँडेलले भन्नुभयो, "दिनदिनै बागलुङमा व्यवसाय बन्द हुँदै गएका छन्, व्यवसाय बन्द हुने पहिलो कारण त कोभिड-१९ नै हो, आर्थिक मन्दि भयो, त्यसको प्रत्यक्ष प्रभाव व्यवसायमा पर्‍यो, यहाँका धेरै व्यवसायीले सामान लिलाम गरेर विदेश गए, अब राज्यले व्यवसायीमुखी नीति र कार्यक्रम ल्याउन नसके अझै धेरै उद्योग व्यवसाय बन्द हुने देखिन्छ ।"

# जब श्रीमान्‌को अस्तु बोकेर पोखरा आउनुभयो लोरेटा...

जमुना वर्षा शर्मा
पोखरा, १३ चैत/रासस




अमेरिकन नागरिक ७२ वर्षीया लोरेटा हुलवर्क गुलाबी कुर्ता सुरुवाल र हातमा रातो चुरा लगाएर जति सुन्दर देखिनुभएको थियो, उतिनै उहाँका आँखाहरूमा पीडा र अनुहारमा निराशा छचल्किएका थिए । सराङकोटको डाँडामा उभिँदा, उहाँका गहिँ मनका भावनाहरू बाँदलसरि मडारिएका थिए ।

केही वर्षअघि उहाँले श्रीमान फिल हुलवर्कको हात समाउँदै यही सिँढीहरू उक्लिनुभएको थियो । सँगै खिचिएका तस्बिरहरू, सूर्योदयको सुनौलो रङ, नीलो आकाशको शान्ति, कुहिरोले बनाएका अनौठा आकृतिहरू, हरियाली डाँडाहरू, चराचुरुङ्गीका चिरबिर सबै त्यही थिए । थिएन त केवल एउटा साथ, एउटा स्पर्श, एउटा हात, जसले उहाँलाई जीवनभर समातेर राख्ने वाचा गरेको थियो । अब तस्बिरहरू केवल याद बनेका थिए, सूर्योदयको उज्यालोभन्दा मनको अँध्यारो गहिरो थियो र सिँढीहरू उक्लिने पाइला साहाराविहीन भएका थिए ।

नेपाललाई दोस्रो घर सम्झने ७६ वर्षीय अमेरिकी नागरिक फिल हुलवर्कको नेपालप्रतिको अपार मायाले नै लोरेटालाई उहाँको अस्तु बोकेर नेपाल ल्याउने प्रेरणा दियो । अमेरिकाको डेल्टा एयरलाइन्समा कार्यरत फिल पहिलो पटक सन् २००७ मा नेपाल आउनुभएको थियो । थाइल्याण्ड भ्रमणका क्रममा एकजना साथीले नेपालको प्राकृतिक सुन्दरताबारे सुनाएपछि उहाँको गन्तव्य नेपाल बन्न पुग्यो । प्रकृतिसँग रमाउन मन पराउने हुलवर्क नेपालका विभिन्न स्थानमा पुगेर प्राकृतिक सौन्दर्यसँगै यहाँको जीवनशैली र संस्कृतिमा घुलमिल हुनुभयो । जहाँ गए पनि, जहाँ पुगे पनि, उहाँलाई पोखराको सुन्दरताले नै सबैभन्दा बढी तान्यो । पोखराका सुन्दर दृश्य, संस्कृति र यहाँका मानिसहरूको मायालु स्वभावले फिललाई यति मोहित बनायो कि उहाँ हरेक वर्ष नेपाल आउन थाल्नुभयो । पोखराको शान्त वातावरण र फेवातालको किनारले उहाँलाई सान्त्वना र आनन्द प्रदान गर्‍यो । एयरलाइन्सबाट सेवा निवृत्त भएपछि त उहाँले आफ्नो अधिकांश समय नेपालमै बिताउन थाल्नुभयो । सन् २०१९ मा नेपाल बसाइँका क्रममा फिल हुलवर्क नसा च्यापिएपछि बिरामी पर्नुभयो । लेकसाइड गौरीघाटस्थित होटल 'रानीबन आर्केट' मा बस्दै आउनुभएका हुलवर्कलाई होटल सञ्चालक तथा पर्यटन व्यवसायी हरि भुजेलले उपचारमा विशेष ध्यान दिनुभयो। तर, समस्या निको भएन । एक महिनापछि लोरेटा नेपाल आउनुभयो र उहाँलाई आफ्नै देश लगेपछि उपचार गर्नुभयो । विडम्बना एउटा समस्या समाधान नहुँदै उहाँलाई 'ब्रेन ट्युमर' भएको पत्ता लाग्यो । अन्ततः उपचारकै क्रममा छ महिनाअघि फिलको निधन भयो । बिरामी अवस्थामै नेपाललाई सम्झिरहनुभएका फिलको आत्माको शान्तिका लागि उहाँकी पत्नी लोरेटा श्रीमान्‌को अस्तु लिएर नेपाल आउनुभएको हो ।

श्रीमान्‌को अस्तु लिएर सराङकोट डाँडामा पुग्नुभएकी लोरेटासँग पर्यटन व्यवसायी हरि भुजेल, पोखराकै अर्का साथी विनय पौडेल र लोरेटाकी साथी सेरी पनि हुनुहुन्थ्यो । लोरेटाले सेच श्रीमान्‌को तस्बिरलाई स्पर्श गर्दै पुष्पगुच्छा अर्पण गर्नुभयो । मुस्कुराइ रहेको श्रीमान्‌को तस्बिर एकटकले हेर्दै गर्दा लोरेटाका आँखा आँसुले भरिए । मौनताबीचका अनगिन्ती भावनासँगै उहाँले श्रीमान्‌को अस्तु सराङकोटको डाँडामा विर्सजन गर्नुभयो । फिलसँगको सम्झनालाई उहाँले नेपालकै माटोसँग मिलाउनुभयो ।

फिलले आफ्नै जीवनकालमा नेपाललाई माया गर्दै बारम्बार आफ्नो अस्तु नेपालमा लैजान लोरेटालाई अनुरोध गर्नुहुन्थ्यो । "फिल नेपालका प्रकृति र संस्कृतिमा रमाउने असाध्यै सरल र मिजासिलो व्यक्ति हुनुहुन्थ्यो", होटल सञ्चालक हरि भुजेलले भन्नुभयो, "हामीले धेरै पटक हाम्रो घरको भान्सामा सँगै नेपाली खाना खाएका छौं, होली पर्व मनाएका छौं, मठमन्दिर देवालय पुगेका छौं, थुप्रैथुप्रै सम्झना छन् फिलसँग", फिलको अन्तिम इच्छालाई लोरेटाले पूरा गरेर नेपालसँगको सम्बन्धलाई अझ गाढा बनाएको भुजेलले बताउनुभयो । फिल नेपालीको आतिथ्यता र यहाँको जीवनशैलीको खुलेर प्रशंसा गर्नुहुन्थ्यो । विशेष गरी, पोखराका स्थानीय क्षेत्रमा गएर लोकल रक्सी स्वाद मानेर पिउने उहाँको बानी थियो । "फिल नेपाललाई यति माया गर्नुहुन्थ्यो कि उहाँ वर्षको झन्डै तीन महिना नेपालमै बिताउनुहुन्थ्यो । दुई महिना एक्लै रहनुहुन्थ्यो भने एक महिना लोरेटासँगै," भुजेलले भन्नुभयो ।

डेल्टा एयरलाइन्समै कार्यरत लोरेटा हरेक वर्ष एक महिनाको बिदा मिलाएर श्रीमान्‌सँग पोखरा घुम्न आउने गर्नुहुन्थ्यो । अहिले पनि, लोरेटाको नेपालप्रतिको निरन्तर आगमनले फिलको सम्झनालाई अमर बनाइरहेको छ । "फिलको नेपालप्रतिको माया र लोरेटाको समर्पणले यो क्षणलाई झन मार्मिक बनाएको छ । फिलको आत्मा नेपालका पहाड, नदी र नेपालीहरूको हृदयमा सधैँ बाँचिरहनेछ", फिलका साथी विनय पौडेलले भावुक हुँदै भन्नुभयो । एउटै एयरलाइन्समा कार्यरत हुँदा सुरु भएको प्रेमलाई यो जोडीले विवाहमा परिणत गर्नुभएको थियो । जीवनको उत्तारढ्दातिर आउँदा पनि फिलसँग बिताएका प्रत्येक क्षण लोरेटाका लागि अविस्मरणीय तथा प्रेमले भरिपूर्ण रह्यो ती दिनहरू सम्झँदै लोरेटाले एउटा पछुतो व्यक्त गर्नुभयो । "मैले सन्तान जन्माउने चाहना गरिनँ, तर अहिले कताकता एक्लोपन महसुस गर्छु", लोरेटाले हल्का उदासीका साथ भन्नुभयो । "मेरो साथमा फिल छैन तर उसँगका बिताएका हरेक पल र उसले टेकेको माटो मलाई उत्तिकै प्रिय छ", लोरेटाले भन्नुभयो, "फिल अब भौतिक रूपमा हाम्रो साथमा छैनन्, तर उनको आत्मा सधैँ नेपालमै रहनेछ । पोखरामा उहाँको सम्झना सधैँ जीवन्त रहनेछ ।"

# मुरली मकै सिफारिस गर्दै मकैबाली अनुसन्धान कार्यक्रम

रासस
चितवन, १३ चैत

राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रम रामपुरले पहिलोपटक मुरली मकै सिफारिसको तयारी गरेको छ । भीमनगर लोकल मुरली मकै सिफारिसको तयारी गरिएको कार्यक्रमका प्राविधिक अधिकृत प्रज्ञ पोखरेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार विगत छ वर्षदेखि मुलुकका विभिन्न क्षेत्रमा परीक्षण गरिँदै आइएको यो मकै सिफारिसको तयारी गरिएको हो । कार्यक्रमले विभिन्न २८ जातका मुरली मकैको परीक्षण गरिरहेको भए पनि ९६ प्रतिशत फुला उढ्ने यो मकै पहिलोपटक सिफारिसको तयारी गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार यो मकै हाल चितवनको माडी र पर्साको जीतपुरमा दुई वर्षदेखि परीक्षण गरिएको छ । त्यसैगरी कृषि अनुसन्धान निर्देशनालय खजुरा, जुटबाली अनुसन्धान कार्यक्रम इटहरीमा पनि यसको परीक्षण भइरहेको उहाँले बताउनुभयो । अहिले कुन ठाउँमा कति उत्पादन दिन्छ भन्ने परीक्षण भइरहेको र ठाउँ सुहाउँदो भएपछि आगामी वर्षभित्र सिफारिस गरिने उहाँको भनाइ छ । कार्यक्रमका संयोजक तीर्थराज रिजालले नेपालमै पहिलोपटक स्थानीय जातको सिफारिस गर्ने तयारी गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "नेपालमा मुरली मकै अहिलेसम्म सिफारिस गरिएको छैन । यस वर्षको नतिजा आएसँगै सिफारिसको प्रक्रियामा अघि बढ्छौँ ।" अहिले नेपालमा मुरली मकैको बीउ विदेशबाट आयात हुने गरेको उहाँले बताउनुभयो । नेपाली जातको भीमनगर लोकल मुरली मकैमा रोग सहन सक्ने क्षमता, उत्पादन धेरै हुने रिजालको भनाइ छ । उहाँका अनुसार कार्यालयले गुलियो मकै र मुरली मकैको अनुसन्धान गरिरहेको छ । आगामी वर्ष यस मकैको प्रतिवेदन बीउविजन नियन्त्रण तथा गुणस्तर केन्द्र हरिहर भवनमा प्रस्तावना पेस गर्ने गरी काम भइरहेको छ । हाल परीक्षणका क्रममा रहेका २८ जातका मकैमध्ये १० जातका मुरली मकै उत्कृष्ट रहेको छ । कार्यालयले नेपालभर स्थानीय रुपमा लगाइँदै आएका मुरली मकैको बीउ सङ्कलन गरी परीक्षण र अनुसन्धान सुरु गरेको हो । अहिले नेपालमा व्यावसायिक रुपमा मुरली मकैखेती गर्ने किसानले आयातित बीउको प्रयोग गरिरहेका छन् ।

# आशा र विश्वास जगाउँदै 'पोखरा–छेन्दु' अन्तरराष्ट्रिय उडान

**वासुदेव पौडेल**
पोखरा, १३ चैत /रासस




पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट यही चैत ५ गते चीनको सिचुवान प्रान्त छेन्दुमा गरिएको पहिलो व्यावसायिक चार्टर्ड उडानसँगै चीनका सहरमा विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम सम्पन्न भएको छ ।

लामो समयदेखि पोखरेली जनसमुदायको माग तथा सरकारी र निजी क्षेत्रको संयुक्त प्रयासबाट सञ्चालनमा आएको पोखरा अन्तरराष्ट्रिय विमानस्थल उद्घाटन भएको दुई वर्षसम्म पनि नियमित अन्तरराष्ट्रिय उडान हुन सकेको थिएन। पहिलो उडानको साक्षी बन्दै छेन्दु पुगेका १२६ सदस्यीय टोलीले विभिन्न प्रवर्द्धनात्मक कार्यकम गरी मङ्गलबार फर्किएको छ । पोखरा पर्यटन परिषद्को आयोजना एवं पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड, सिचुवान एयरलाइन्स र नेपालस्थित चाइनीज एसोसिएसनसँगको सहकार्यमा गरिएको ऐतिहासिक उडानका साथै नेपाल पर्यटन बोर्डको आयोजनामा छेन्दु र छोङछिङमा गरिएका विटुबी, सेल्समिसनलगायतका प्रवर्द्धनात्मक कार्यक्रमले ठूलो आशा एवं विश्वास जगाएको पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले बताउनुभयो ।

पोखरा-छेन्दु उडानलाई नियमित गर्ने उद्देश्यका साथ सिचुवान एयरलायन्सले चार्टर्ड उडान सुरु गरेको छ । पहिलो उडानका क्रममा त्यहाँका सरकारी निकायका प्रतिनिधि, चिनियाँ पर्यटन व्यवसायीसँग गरिएका छलफल एवं बिटुबी, सेल्स मिसन आदिले आगामी दिनमा अन्तरराष्ट्रिय उडानले निरन्तरता पाउने विश्वाससँगै उत्साह जगाएको अध्यक्ष पहारीले उल्लेख गर्नुभयो । "उडानलाई निरन्तरता दिनुपर्छ भन्ने कुरामा चिनियाँ प्रतिनिधिमण्डल सक्रियताका साथ लागेको पायौँ", उहाँले भन्नुभयो, "दुई देशबीचको पर्यटकीय साझेदारी बढाउने कुरामा दुवै पक्षबीच महत्त्वपूर्ण छलफल एवं अन्तरक्रिया भएका छन् ।" चीनको सिचुवान प्रान्तमा मात्रै नौ करोड जनसङ्ख्या रहेकामा छेन्दु र छोङछिङबाट अधिकतम पर्यटकहरू घुम्न निस्कने गरेको उहाँले जानकारी गराउनुभयो ।

कार्यक्रममा नेपाल पर्यटन बोर्डको आयोजनामा छेन्दु र छोङछिङमा गरिएको बिटुबी र सेल्समिसन भव्यताका साथ सम्पन्न भएको बोर्डका गण्डकी प्रदेश कार्यालय प्रमुख मणिराज लामिछानेले जानकारी दिनुभयो । "यो कार्यक्रमसँगै चीन केबल काठमाडौँबाट मात्र नभई पोखराबाटपनिजोडिएकोछ",उहाँले भन्नुभयो, "काठमाडौँबाहेकका गन्तव्यबाट चीन जोडिएको छ भन्ने सन्देशसँगै पोखरा धेरै चीनका सहरसँग मैत्रीपूर्ण सम्बन्ध भएको सहर भएको र यहाँबाट सिधै उडान सुरु भएको सन्देश मितेरी सहरहरूमा पुगेको छ ।" काठमाडौँमा मात्र नभई पोखरा र भैरहवा अन्तरराष्ट्रिय विमानस्थल समेत रहेको जानकारी दिँदैउहाँलेपोखरामाविमानस्थलबाट गरिएको छेन्दुको सीधा उडानले काठमाडौँबाहेकका विमानस्थलको अन्तरराष्ट्रिय बजारमा जानकारी गराएको बताउनुभयो । उहाँका अनुसार पहिलो व्यावसायिक उडानका क्रममा बोर्डको आयोजनामा गरिएका छेन्दु र छोङछिङका कार्यक्रम पोखराको पर्यटन प्रवर्द्धनका लागि महत्त्वपूर्ण बनेका छन् ।

बोर्डले यस अघि छेन्दुमा प्रवर्द्धनात्मक कार्यक्रम गरिएको भए पनि छोङछिङमा पहिलोपटक कार्यक्रम गरेको हो । यी दुवै कार्यक्रमको त्यहाँस्थित चिनियाँ सञ्चारमाध्यमले प्राथमिकताका साथ समाचार सम्प्रेषण गरेका थिए। नेपालमा सन् २०१९ मा एक लाख ६९ हजार ५४३ जना चिनियाँ पर्यटक आएकामा त्यसपछि कोभिड-१९ का कारण सो सङ्ख्या घटेर सन् २०२० मा १९ हजार २५७ पुगेको थियो । त्यसपछि सन् २०२१ मा छ हजार १९८, सन् २०२२ मा नौ हजार ५९९ जना चिनियाँ पर्यटक नेपाल आएका थिए । कोभिड १९सँगै आफ्ना नागरिकलाई बाहिरी राष्ट्रमा घुमफिरका लागि रोक लगाएकोमा सन् २०२३ मार्चबाट नेपाल भ्रमण गर्न खुला गरेको थियो । त्यस वर्ष ६० हजार ८७८ जना चिनियाँ पर्यटक नेपाल भित्रिएका थिए । सन् २०२४ मा नेपालमा चिनियाँ पर्यटकको सङ्ख्या एक लाख एक हजार ८७९ जना पुगेको कार्यालय प्रमुख लामिछानेले जानकारी दिनुभयो ।

त्यहाँस्थित चिनियाँ पर्यटन व्यवसायीका अनुसार चीनमा अङ्ग्रेजी महिनाको जुन र जुलाईमा विद्यालय बन्द हुन्छन् । सो समयमा अभिभावक आफ्ना बालबच्चा लिएर भ्रमणमा निस्कन्छन् । उनीहरू छोटो दूरीका रुपमा विशेषत हङकङ वा थाइल्यान्ड जाने गर्दछन् । थाइल्याण्डको दूरीमा रहेको पोखरा उनीहरूका लागि अर्को महत्त्वपूर्ण गन्तव्य बन्न सक्ने उनीहरूको भनाइ छ । आगामी तीन महिनामा करिब एक हजार २५० जना चिनियाँ पर्यटक चीनको सिचुवान प्रदेशबाट हवाई मार्गहुँदै सीधा पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अवतरण गराउन प्रयासरत रहेको चिनियाँ दूतावास, सिचुवान एयरलाइन्स र चाइना ट्राभल इन्टरनेशनल छेन्दुले जनाएको छ । कार्यक्रमकै क्रममा पोखरासँग मितेरी सम्बन्ध अघि बढेको लुझेउ सहरका नगर प्रमुख यु छिन्हीसँग पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यको औपचारिक भेटवार्ता भएको थियो । महानगर प्रमुख आचार्य र उहाँसँग सहभागी प्रतिनिधिमण्डललाई लुझाउ नगर प्रमुख छिन्हीले स्वागत गर्नुभएको थियो ।

प्रतिनिधिमण्डलमा पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईँ, पोखरा महानगरपालिकाका-२१ का वडाध्यक्ष दीपक सुवेदी, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछाने, पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, पोखरा भ्रमण वर्ष २०२५ कार्यसम्पादन समितिका संयोजक गोपीबहादुर भट्टराईलगायत सहभागी हुनुहुन्थ्यो । त्यस्तै लुझाउ नगरका तर्फबाट साउथ वेष्ट मेडिकल युनिभर्सिटीका अध्यक्ष हि ताओ, नगरका उपप्रमुख लुओ सुपिङलगायतको सहभागिता थियो। उक्त भेटमा पोखरा-छेन्दु नियमित उडानसँगै पोखरा र लुझाउसँगको सम्बन्धलाई अझ प्रगाढ बनाउने कुरामा दुवै पक्ष सहमत भएका थिए । शिक्षा, स्वास्थ्य, पर्यटन, खेलकुदलगायतका क्षेत्रमा साझेदारी बढाउने, लुझाउमा रहेको परम्परागत चिकित्सा प्रणालीका लागि सहकार्य गर्ने आदि विषयमा महत्वपूर्ण छलफल गरिएको थियो । पोखरा प्रकृति, संस्कृति र साहसिक पर्यटनको गन्तव्य भएका कारण चिनियाँ पर्यटकको रोजाइमा यो पर्ने गरेको पोखरा भ्रमण वर्ष २०२५ कार्यसम्पादन समितिका संयोजक गोपीबहादुर भट्टराई बताउनुहुन्छ । पछिल्लो समयमा पोखरामा चिनियाँ पर्यटक लक्षित पूर्वाधारहरू बनिरहेको उहाँको भनाइ छ ।

# क्षयरोग पत्ता लाग्ने दर अझै कम

**रासस**
काठमाडौं, १३ चैत

गत आवमा नेपालमा ६९ हजार क्षयरोगका नयाँ बिरामी थपिएको अनुमान गरिएकामा जम्मा ३५ हजार मात्र पत्ता लागे । उक्त आँकडाले झण्डै आधा क्षयरोगका बिरामी उपचारको पहुँच बाहिर रहेको देखाउँछ ।

राष्ट्रिय क्षयरोग निवारण केन्द्रका अनुसार मुलुकको करिब आधा जनसङ्ख्यामा क्षयरोग कीटाणुको सङ्क्रमण रहेको अनुमान छ । केन्द्रले केही वर्षअघि गरेको क्षयरोग 'प्रिभेलेन्स' सर्वेक्षणले नेपालमा वार्षिक ६९ हजार क्षयरोगका नयाँ बिरामी थपिने गरेको देखाएको थियो । नयाँ थपिने बिरामी सङ्ख्याको तुलनामा बिरामी पहिचान भई उपचारमा आउनेको सङ्ख्या कम रहेको गण्डकी प्रादेशिक स्वास्थ्य निर्देशनालयका जनस्वास्थ्य निरीक्षक ज्ञानबहादुर बिसीले बताउनुभयो । बिरामी पत्ता लाग्ने दर कम हुँदा सन् २०३५ भित्र क्षयरोग अन्त्य र सन् २०५० भित्र क्षयरोग निवारण गर्ने राष्ट्रिय लक्ष्यमा चुनौती देखिएको उहाँको भनाइ छ । "अहिले नयाँ क्षयरोग हुने दर प्रति एक लाखमा दुई सय ५० छ, सन् २०३५ भित्र घटाएर १० मा पुऱ्याउने लक्ष्य सरकारले लिएको छ", उहाँले भन्नुभयो ।

बिरामी खुल्न डराउने, लक्षणलाई सामान्य रूपमा लिने, खोजपड्तालको कमी, स्रोतसाधनको अभाव आदि कारणले क्षयरोगका बिरामी पत्ता लाग्ने दर कम रहेको जनस्वास्थ्य निरीक्षक बिसीले बताउनुभयो । क्षयरोग सङ्क्रित एउटै व्यक्तिले धेरै जनालाई सङ्क्रमण सार्न सक्ने भएकाले क्षयरोग समुदायमा फैलिरहेको उहाँको भनाइ छ । "बहुऔषधि प्रतिरोधी क्षयरोग, क्षयरोगसँग एचआइभी र मधुमेहको सहसङ्क्रमण, बसाइँसराइ, खुला सिमाना, लैङ्गिक असमानता आदि क्षयरोग निवारण अभियानमा चुनौतीका रूपमा देखिएका छन्", उहाँले भन्नुभयो, "बिरामी जति धेरै पत्ता लगाउन सक्यो उति नै छिटो क्षयरोग निवारण हुन्छ ।" क्षयरोगका लक्षण लिएर आउने बिरामी अस्पताल र चिकित्सकको प्राथमिकतामा नपर्दा पनि बिरामी पहिचान गर्न समस्या भइरहेको उहाँको भनाइ छ । "अस्पताल र प्रयोगशालाका स्वास्थ्यकर्मीलाई क्षयरोगसम्बन्धी तालिम दिइएको छ, तर उहाँहरूले त्यस्ता लक्षण लिएर आउने बिरामीलाई सम्बन्धित ठाउँमा जाँच तथा उपचारका लागि नपठाउने प्रवृत्ति पनि छ", जनस्वास्थ्य निर्देशक बिसीले भन्नुभयो, "अस्पताल, छात्रावास, कारागार जस्ता जोखिमयुक्त स्थलमा क्षयरोगको जाँचपड्ताल गर्न सकिएको छैन ।" क्षयरोगका बिरामीको पहिचान र निदानका लागि समुदायस्तरमा अभियान सुरू गरिए पनि त्यो प्रयाप्त नभएको उहाँको भनाइ छ। पछिल्लो समय क्षयरोग परीक्षणका लागि सरकारी अस्पतालमहरूमा आधुनिक उपकरण भित्र्याएको उहाँले बताउनुभयो। जनस्वास्थ्य समस्याका रूपमा रहेको र मृत्युको प्रमुख कारणमध्येमा पर्ने क्षयरोग अन्त्यका लागि रोगको पहिचान, निदान, रोकथाम र उपचारलाई प्रभावकारी बनाउनुपर्ने प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङका क्षयकुष्ठ निरीक्षक देवप्रकाश घिमिरेले बताउनुभयो । "सम्भावित लक्षण देखिएमा तुरून्त क्षयरोग परीक्षण गराउनुपर्छ, क्षयरोगका बिरामीको सम्पर्कमा आएका सबै खकार जाँच गराइहाल्नुपर्छ", उहाँले भन्नुभयो, "नियमित औषधि सेवनले क्षयरोग पूर्ण रूपमा निको हुन्छ, क्षयरोगको सम्पूर्ण उपचार निःशुल्क हुन्छ ।" फोक्सो र फोक्सोबाहेक अन्य अङ्गमा लाग्ने गरी दुई किसिमका क्षयरोग हुने भन्दै उहाँले लगातार खोकी लाग्ने, साँझपख हलुका ज्वरो आउने, खकारमा रगत देखिने छाती दुख्ने, सास फेर्न गाह्रो हुने, खानामा रूचि नहुने, शरीरको तौल घट्ने, थकान लाग्नेजस्ता लक्षण देखिएमा तुरुन्त क्षयरोग परीक्षण गर्नुपर्ने बताउनुभयो । एचआइभी सङ्क्रिमत र मधुमेहका बिरामीलाई क्षयरोग लाग्ने बढी सम्भावना हुने हुँदा त्यस्ता व्यक्तिले विशेष स्वास्थ्य सावधानी अपनाउनुपर्ने उहाँको भनाइ छ। एचआइभी सङ्क्रिमतलाई क्षयरोग लाग्ने सम्भावना ३० गुणाले बढी हुने उहाँले बताउनुभयो । पहाडी क्षेत्रमा एकजनाले १० जना र सहरी क्षेत्रमा २५ जनासम्मलाई सङ्क्रमण सार्नसक्ने उहाँको भनाइ छ । बागलुङमा मात्र गत वर्ष १० जनाले क्षयरोगबाट ज्यान गुमाएको उहाँले बताउनुभयो। सरकारी तथा निजी अस्पताल र स्वास्थ्य संस्थामा क्षयरोगको निःशुल्क उपचार हुने गरेको उहाँले बताउनुभयो। गण्डकी प्रदेशमा पछिल्लो आठ १६ सय ७० नयाँ क्षयरोगका बिरामी भेटिएको प्रादेशिक स्वास्थ्य निर्देशनालयले जनाएको छ । क्षयरोगबाट प्रदेशमा गत वर्ष एक सय नौ जनाको मृत्यु भएको थियो। नेपालमा क्षयरोगबाट मृत्यु हुने दर चार प्रतिशत छ। १५ देखि ६४ वर्ष उमेरमा ७२ दशमलव ५५ प्रतिशतमा १४ वर्ष उमेरभित्रका बालबालिकामा २ दशमलव ६८ प्रतिशत र ६५ माथिका २४ दशमलव ७७ प्रतिशतमा क्षयरोगको सङ्क्रमण हुने गरेको छ । क्षयरोग लाग्नबाट बचाउन बच्चालाई जन्मनेबित्तिकै बिसिजी खोप दिने गरिएको छ। सङ्क्रमण पत्ता लागेर उपचारमा गएका बिरामी निको हुने दर ९२ प्रतिशत रहेको जनस्वास्थ्य निर्देशक विसीले बताउनुभयो । औषधि प्रतिरोधी क्षयरोगका बिरामीको उपचार सफलता ८२ प्रतिशत रहेको उहाँको भनाइ छ। फोक्सोको क्षयरोग भएका बिरामीले खोक्दा, हाच्छिउँ गर्दा र थुक्दा क्षयरोगका कीटाणु श्वासप्रश्वासको माध्यमबाट स्वस्थ व्यक्तिमा सरी क्षयरोग सङ्क्रमण हुने उहाँले बताउनुभयो । "क्षयरोगका किटाणु शरीरमा प्रवेश गर्दैमा क्षयरोग लाग्दैन, रोगसँग लड्ने क्षमता कम भएका व्यक्तिलाई मात्र क्षयरोग हुन्छ", उहाँले भन्नुभयो, "कुपोषण, एचआइभी, मधुमेह आदि भएका मानिसमा क्षयरोग छिटो सर्छ ।" क्यान्सर रोक्न परीक्षण अभियान सञ्चालन गर्ने स्वास्थ्य मन्त्री पौडेलको योजनामा काठमाडौँ महानगरको सहकार्य अब वीर अस्पतालमा महिलाको निःशुल्क परीक्षण हुने काठमाडौँ स्तन तथा पाठेघरको मुखको क्यान्सर नियन्त्रणका लागि स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले सुरू गरेको परीक्षण अभियानमा काठमाडौँ महानगरले सहकार्य गरेको छ। अब महानगरसँगको सहकार्यमा वीर अस्पतालमा स्तन, पाठेघर तथा सभाइकल क्यान्सरको नियमित निःशुल्क परीक्षण हुने भएको छ । यससम्बन्धमा काठमाडौँ महानगर र वीर अस्पतालबीच सम्झौता भएको छ। स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेल र महानगर उपप्रमुख सुनिता डङ्गोलको उपस्थितिमा दुवै पक्षबीच नागरिकको निःशुल्क परीक्षणसम्बन्धी सम्झौता भएको हो । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री पौडेलले पाठेघरको मुखको क्यान्सरविरुद्ध सजगताका लागि देशैभर फागुन महिनाभर निःशुल्क परीक्षणको निर्णय गरेर कार्यान्वयनमा ल्याएका थिए। रोगको उपचारात्मक सेवामा सुधारसँगै रोग लाग्न नदिन सचेतनाका लागि यो कार्यक्रम आवश्यक रहेको भन्दै सहकार्यका लागि मन्त्री पौडेलले काठमाडौँ महानगरप्रति आभार प्रकट गरे। "स्वास्थ्य क्षेत्रमा तीन सरकार बेग्ला बेग्लै होइन मिलेर सहकार्य गर्नुपर्छ भन्ने हाम्रो मान्यता हो", मन्त्री पौडेलले भन्नुभयो, "मिलेर स्तन तथा पाठेघरको मुखको क्यान्सर नियन्त्रणका लागि काठमाडौँ महानगरसँगको सहकार्य हाम्रा लागि उत्कृष्ट प्रेरणा र उदाहरण हो ।" काठमाडौँ महानगर उपप्रमुख सुनिता डङ्गोलले स्तन तथा पाठेघरको मुखको क्यान्सर महिलाका लागि ठूलो समस्या बनिरहेको अवस्थामा यस सहकार्यले महिलाको जीवनरक्षा हुने विश्वास व्यक्त गर्नुभयो ।

निर्देशक डा दिलीप शर्माका अनुसार सबै नागरिकका लागि निःशुल्क रहने सुविधा उपलब्ध गराउन काठमाडौँ महानगरले आर्थिक सहयोग गर्नेछ भने वीरअस्पतालले अङ्कोलोजी वार्डमार्फत जनशक्ति व्यवस्थापन गर्नेछ।

# बेनी–जोमसोम सडकका बेलिब्रिज जोखिममा

**रासस**
म्याग्दी, १३ चैत

क्षमताभन्दा बढी तौलका मालबाहक सवारीसाधन गुडाउँदा बेनी-जोमसोम-कोरला सडकका बेलिब्रिज जोखिममा परेका छन् । बढी तौलका सवारीसाधन गुडाउँदा बेलिब्रिज जीर्ण बन्नुका साथै दुर्घटनाको जोखिम बढेको हो ।

बेलिब्रिजमा क्षति हुँदा अन्तरदेशीय व्यापारिक कोरलानाका जोड्ने सडकमा यातायात ठप्प हुन्छ । बेनी-जोमसोमखण्डअन्तर्गतम्याग्दीको अन्नपूर्ण गाउँपालिका-२ भुरुङ खोला, वडा नं ३ दानाको रुप्सेखोला, बेनी र पर्वतको बगरफाँटको सिमाना कालीगण्डकी, मुस्ताङको कोवाङ, बोक्सी र टुकुचेको थापाखोलामा बेलिब्रिज छन् । ती बेलिब्रिजको भारबहन क्षमता अधिकतम १८ मेट्रिकटन हो ।

एक पटकमा एउटा मात्र सवारीसाधन तार्न मिल्ने बताउँदै निर्माण र खाद्य सामग्री बोकेका १८ मेट्रिकटनभन्दा बढी तौल भएका ट्रक, टिपर, लरी, टेलर बेलिब्रिजबाट तारिँदा भाँचिने र भत्किने जोखिम बढेको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख राजकुमार केसीले उल्लेख गर्नुभयो ।

क्षमताभन्दा बढी तौलका सवारीसाधन बेलिब्रिजबाट गुडाउँदा दुर्घटनाको जोखिम बढेकाले निगरानी थालिएको उहाँले जानकारी दिनुभयो। "भार थाम्न नसकेर बेलिब्रिज भाँचिने र भत्किने जोखिम बढेपछि केही दिनदेखि म्याग्दीबाट मुस्ताङ जाने सवारीसाधनलाई पोखरेबगर र मुस्ताङबाट बेनीतर्फ आउने बेलिब्रिजको क्षमताभन्दा बढी तौलका सवारीसाधनलाई जोमसोम रोक्न थालेका छौँ", उहाँले भन्नुभयो, "बढी तौलका सामान झारेर हलुका बनाउँदै र पालो गरी तार्ने गरिरहेका छौँ ।"

स्तरोन्नतिको क्रममा रहेको बेनी-जोमसोम-कोरला सडकका पक्की पुल निर्माण नभएका ठाउँमा अस्थायी रूपमा सवारीसाधन आवतजावतका लागि बेलिब्रिज जडान गरिएको छ।

बेनी-जोमसोम-कोरला आयोजनाले बेलिब्रिजहरूमा क्षमताभन्दा बढी तौलका सवारीसधान सञ्चालन नगर्न आवश्यक जानकारीसहित सूचना बोर्ड राखिएको जनाएको छ।

# सरकारी प्रतिनिधिद्वारा 'सेवा केन्द्र' अवलोकन

**पोखरापत्र संवाददाता**
तनहुँ, १३ चैत

तनहुँको शुक्लागण्डकी नगरपालिकाले सञ्चालन गरेको 'सेवा प्रवाह केन्द्र' को बुधबार केन्द्र र प्रदेश सरकारका प्रतिनिधिहरूले अवलोकन गर्नुभएको छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव रूद्रसिं तामाङसहितको टोलीले अवलोकन गरी प्रभावकारिताबारे जानकारी लिएको हो । स्थानीय सरकारले प्रवाह गर्ने सेवालाई झण्झटरहित बनाउने उद्देश्यले सेवा केन्द्र सञ्चालन हुँदै आएको छ ।

गण्डकी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र प्रादेशिक तथा स्थानीय शासन सुढृणीकरण कार्यक्रमका प्रतिनिधिहरूले सेवा प्रवाह केन्द्रले पारेको प्रभावबारे जानकारी दिँदै केन्द्रलाई थप व्यवस्थित गरिने बताउनुभयो । शुक्लागण्डकी नगरपालिकाका प्रशासन शाखाका प्रमुख लक्ष्मण लम्सालले सेवा प्रवाह केन्द्र सञ्चालनको विधि र सेवाग्राहीले पाएको सेवाका बारेमा जानकारी गराउनुभयो ।

नगरपालिकाका मेयर कृष्णराज पण्डित, उपमेयर खुमबहादुर विक राजु, प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र लामगादे र शाखा अधिकृतहरूले सेवा प्रवाह केन्द्र सञ्चालन गर्दा सेवा प्रदानमा भएको सहजता, नागरिकमा देखिएको सन्तुष्टि र थप व्यवस्थित गर्न देखिएको चुनौतीका विषयमा अवलोकनमा आएका प्रतिनिधिलाई जानकारी गराउनुभएको थियो ।

नगरपालिकाले दुई वर्षअघिदेखि सञ्चालन गर्दै आएको सेवा प्रवाह केन्द्रबाट सेवा लिँदा नागरिकहरू फाइल बोक्दै कोठा कोठा हिँड्नुपर्ने झन्झटबाट मुक्ति पाएका छन् । आफ्नो कामको जानकारीसहित आवश्यक कागजात केन्द्रमा बुझाएपछि बाँकी काम नगरपालिकै कर्मचारीले सम्पन्न गरी नागरिकलाई बुझाउने व्यवस्थापन गरिएको छ ।


## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

**उपरोक्त सम्बन्धमा, गण्डकी प्रदेश, बागलुङ जिल्ला, जैमिनी नगरपालिका नगर कार्यपालिकाद्धारा जैमिनी नगरपालिका भित्र भएर बग्ने कालीगण्डकी नदी किनारको विभिन्न घाट तथा बगर क्षेत्रबाट दिगो रुपमा ढुंगा, गिट्टी तथा वालुवाको संकलन/उत्खनन् कार्य गर्न लागेको हुँदा यससँग सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८१/१२/१४ गते निम्न समय र स्थानमा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा हुन गइरहेको हुदाँ उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं।**

| स्थान | समय |
|---|---|
| जैमिनी नगरपालिका वडा नं. ५ को कार्यालय | बिहान ८:३० बजे |
| जैमिनी नगरपालिका वडा नं. ६ को कार्यालय | बिहान १०:३० बजे |
| जैमिनी नगरपालिका वडा नं. ७ को कार्यालय | बिहान १:३० बजे |
| जैमिनी नगरपालिका वडा नं. ८ को कार्यालय | बिहान ४:३० बजे |

**आयोजक**
**जैमिनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**